नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक बिभाग**
(संभार महाशाखा)

E-mail: dormaintb@dor.gov.np
☎:(९७७-१) ५५२९०९६
फ्याक्स: (९७७-१) ५५३२०१५
बबरमहल, काठमाडौं ।
हाल:पाटनढोका, ललितपुर ।
नेपाल ।

अति जरुरी

पत्र संख्या : सं.८/२०७५/०७६
च.नं.:- ६१

मिति:- २०७५/०५/२९

श्री पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय, दमक ।
श्री मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, बबरमहल ।
श्री पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, पोखरा ।
श्री मध्यपश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, सुर्खेत ।
श्री सुदुरपश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, डोटी ।

बिषय:- कार्यान्वयन गर्ने सम्बन्धमा ।

मिति २०७५/५/२८ को बिभागीय निर्णय अनुसार सामरिक महत्वका रणनैतीक सडकहरुको नियमित एवं पटके मर्मत संभार कार्यमा देहाय बमोजिम सुधार गरी कार्यान्वयन गर्नु/गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

(१) नियमित मर्मत (Routine Maintenance) सम्बन्धमा:

सामरिक महत्वका रणनैतीक सडकमा नियमित मर्मत संभार कार्यमा कार्यरत लेन्थवर्कर र सुपरभाईजरहरुलाई सुविधा स्वरुप सार्बजनिक बिदा दिंदै आएकोमा सार्बजनकि बिदाको दिनमा सडकमा सवारी साधनको संख्या कम हुने भएकोले सडकमा काम गर्नलाई सहज र सुरक्षित हुने हुँदा आलोपालो र अनूकुलता मिलाएर अन्य कुनै दिन सट्टा बिदा दिने गरी सार्बजनिक बिदाको दिनमा पनि लेन्थवर्कर र सुपरभाईजरहरुबाट सडक मर्मत संभारको कार्य गराउने ।

(२) पटके मर्मत (Recurrent Maintenance) सम्बन्धमा:

सडकमा भएका खाल्डा खुल्डी टाल्ने कार्य (Pothole Free) गर्दा खाल्डाको आकार (Shape) अनुसार जस्तो खाल्डो छ, सोही अनुसार गर्ने गरेको पाईएको छ । यसले सडकको दिगोपनामा कमी हुनुका साथै छिट्टै पुन: खाल्डो (Pothole) पर्ने संभावना हुने हुँदा कटर (Pavement cutter) को ब्यबस्था गरी खाल्डोको निश्चित आकार (Shape) मा सडकको Excavation गरी खाल्डा खुल्डी टाल्ने (Pothole Free) गर्ने ।

(३) Access Road को सम्बन्धमा:

सडक बिभागको अनुमति विना राजमार्ग/सहायकमार्ग एवं शहरीमार्गहरुमा ब्यक्तिगत वा सामुहिक प्रयोजनको लागि सडकमा Ramp/pipe आदि राखी Access Road खोली सवारी आवागमन प्रयोग गरेको पाईएको छ, जसका कारणले सडकको नाली बन्द हुने र दिगोपनामा ह्रास हुन गै चाँडै नै सडक क्षति हुनुका साथै सवारी दुर्घट्ना हुने संभावना समेत भएकोले स्थानीय निकाय/सुरक्षा निकाय आदीको सहयोग लिई यस प्रकारका Access Road हरुमा रहेका Ramp/pipe अविलम्व हटाउने ।

बोधार्थ:-
श्रीमान् महानिर्देशकज्यू, सडक बिभाग ।

अमिर सुवेदी
ईन्जिनियर

"सेवामैत्री प्रशासन: संघीयतामा सुशासन"